मिति २०७२।१।१२ गते शनिवार नेपालमा आएको विनाशकारी भूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पनले पुऱ्याएको व्यापक धनजनको क्षतिलाई मध्यनजर गरि सोको उद्धार, राहत तथा व्यवस्थापनको लागी आवश्यक काम गर्ने प्रयोजनार्थ मिति २०७२।१।२४ को माननीय मन्त्रीस्तरको निर्णयानुसार तपसिल वमोजिमको मन्त्रालय स्तरीय विपद् व्यवस्थापन समन्वय समिति गठन गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ । उक्त समन्वय समितिमा निम्न बमोजिमको पदाधिकारी तथा सदस्यहरु रहने व्यवस्था रहेको छ ।

तपसिल:

| | |
|---|---|
| १. माननीय मन्त्री | - संयोजक, महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय |
| २. श्री सचिव | - सह-संयोजक, महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय |
| ३. श्री अध्यक्ष | - सदस्य, केन्द्रिय वाल कल्याण समिति |
| ४. श्री सह सचिव | - सदस्य, महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय (समाज कल्याण हेर्ने) |
| ५. श्री महानिर्देशक | - सदस्य, महिला तथा वालवालिका विभाग |
| ६. निर्देशक | - सदस्य, समाज कल्याण परिषद् |
| ७. प्रतिनिधी २ जना | - सदस्य, नेपाल स्थित संयूक्त राष्ट्र संघको नियोगवाट तोकिएका |
| ८. प्रतिनिधी ४ जना | - सदस्य, AIN (अध्यक्ष र निजले तोके बमोजिमको प्रतिनिधि) |
| ९. श्री अध्यक्ष | - सदस्य, NGO Federation |
| १०. श्री अध्यक्ष | - सदस्य, Democratic NGO Federation |
| ११. संयोजकले तोकेको सकपको सदस्य व्यक्ति २ जना | - सदस्य, श्री नीलमणी वराल र श्री राकेश हमाल, सदस्य स.क.प. |
| १२. श्री सदस्य सचिव | - सदस्य-सचिव, समाज कल्याण परिषद् |

समितिको कार्य क्षेत्राधिकार यस प्रकार रहेको छ ।

- ☞ स्वदेशी तथा विदेशी संघ संस्थाले गर्ने काम कारवाहीमा आई परेका समस्या समाधानका लागि नेपाल सरकारसंग समन्वय गरी बाधा अड्काउ फुकाउन सहयोग गर्ने ।
- ☞ स्वदेशी तथा विदेशी संघ संस्थालाई परिचालन गर्न उत्प्रेरित गर्ने, मार्ग दर्शन गर्ने/ गराउने ।
- ☞ स्वदेशी तथा विदेशी संघ संस्थाले विपत व्यवस्थापनका कार्यका लागी गर्ने सहयोगको कामलाई छिटोछरितो तरिकावाट टुङ्गयाउन सम्वन्धित सरकारी निकायहरुमा समन्वय गरि काम सम्पन्न गर्ने/ गराउने ।
- ☞ स्वदेशी तथा विदेशी संघ संस्थाले उद्धार, राहत, पुनर्स्थापना र पुनर्निमाण आदी कुन-कुन क्षेत्रमा कति काम गरे सोको उपलब्धिको अध्यावधिक विवरण तयार गर्ने/ गराउने ।
- ☞ स्वदेशी तथा विदेशी संघ संस्थाले विपद् व्यवस्थापनको क्षेत्रमा गरेका कामहरुको समय- समयमा निरिक्षण सुपरिवेक्षण गर्ने/ गराउने र सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।
- ☞ केन्द्रिय तथा जिल्ला दैवी प्रकोप उद्धार समितिसंग आवश्यक समन्वय गर्ने/ गराउने ।
- ☞ अन्य कार्य तथा क्षेत्राधिकार समिति आफैले निर्धारण गर्न सकिने छ ।